मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्युठान
लुम्बिनी प्रदेश,नेपाल

प.स २०७८/०७९
च.न

मिति: २०७८/०४/०७

सूचना । सूचना ।। सूचना ।।।

विषय :आ.व. २०७७/ ०७८ मा प्रदान गरिएको अनुदानको भुक्तानी प्रक्रिया सम्बन्धमा ।

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकामा २०७७/ ०७८ मा कृषि तथा पशु सेवा क्षेत्रमा स्वीकृत भएको विभिन्न अनुदान कार्यक्रममा सूचना प्रकाशित गरि प्रस्ताव संकलन गरेको र उक्त प्रस्तावहरु माथि वृहत अध्ययन गरि कार्यपालिकाको बैठकबाट छनौट गरि उक्त छनौट गरेका कृषक/ समुह/ सहकारी /व्यक्तिगत फर्म तथा निजी उद्यमि कृषि तथा पशु सेवा शाखामा सम्झौता गर्न पठाईएको र उक्त सम्झौता पत्रमा, " कुनै पनि अनुदान रकम विगत र हालको विद्यमान अवजस्थालाई मध्यनजर गरि प्रदान गरिने छैन र गाउँपालिकाबाट स्वीकृत भएको अनुदान रकम बराबरको कार्य गर्नुपर्नेछ भनि सम्झौता गरिएको छ।" तत् पश्चात गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुख, प्राविधिक र आर्थिक विकास समितिको संयोजक समेतको पदाधिकारीहरुले स्थलगत अनुगमन समेत गरिसकेको र उक्त अनुगमनको क्रममा स्वीकृत रकम बराबरको कार्य सम्पन्न गरेका कृषक/समुह/सहकारी /व्यक्तीगत फर्म तथा निजी उद्यमीहरुलाई सोही बरबरको अनुदान रकम उपलब्ध गराईएको र स्वीकृत अनुदान रकम बराबरको कार्य सम्पन्न नगरि भुक्तानी लिन आएका कृषक/समुह/सहकारी /व्यक्तीगत फर्म तथा निजी उद्यमीहरुको स्वीकृत भएअनुसारको रकम सम्झौता मुताविक कटौती गरिएको र स्थलगत अनुगमन गर्दा जेजति कार्य सम्पन्न भएको छ त्यसै अनुसार भुक्तानी दिईएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै उक्त अनुदान रकम प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सहितको विवरण देहाय बमोजिम रहेको छ ।

**१. अरङखोला करिडोर अन्तर्गत जम्मा रकम रु १ करोड**

- लाग्राहीहरुले प्राप्त गरेको जम्मा रकम ८२ लाख २१ हजार २ सय ६२
- बाँकी रकम रु.१७ लाख७८ हजार ७ सय ३८ नेपाल सरकारलाई फिर्ता गरिएको ।

**२. माडी झिमरुक करिडोरमा प्रदेश सरकार र गाउँपालिका गरि जम्मा रु. ९० लाख**

- लाभग्राहीले प्राप्त गरेको जम्मा रकम रु. ५० लाख ( प्रदेश सरकार मार्फत प्राप्त) र गाउँपालिकाको १८ लाख ६८ हजार ७ सय ५० गाउँपालिका मार्फतको)
- बाँकी रकम रु. २१ लाख ३१ हजार २ सय ५० गाउँपालिकाको खर्च खातामा जम्मा रहेको

**३. कोभिड- १९ रोगको कारण रोजगारी गुमाएका युवा तथा वेरोजगार युवा लक्षित विशेष कार्यक्रम अन्तर्गत जम्मा रकम रु. ९० लाख**

- लाभग्राहीले प्राप्त गरेको जम्मा रकम रु .४७ लाख ९३ हजार ९ ( प्रदेश सरकार मार्फत) रु.२ लाख ६ हजार ९ सय ९१ फिर्ता पठाईएको र गाउँपालिकाको ४० लाख गाउँपालिकाकै खर्च खातामा जम्मा रहेको ।

०८
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

'उर्जा,कृषि,शिक्षा,पर्यटन,गाउँवासिको शान
समृद्धि र खुसि जनता माण्डवीको अभियान ।'